# नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड

( नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको वित्तिय संस्था)

**केन्द्रीय कार्यालय विराटनगर**

प.सं : २०७९/८०
च.नं. : ३४१६

मिति : २०७९/११/०४

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

**विषय :- १६औं वार्षिक साधारण सभा सम्पन्न भएको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तिय संस्थाको **१६औं वार्षिक साधारण सभा** मिति २०७९/१०/२८ गते शनीबार (तदअनुसार ११ फेब्रुअरी २०२३) विहान ११:३० बजे देखि विराटनगर-३, उद्योग संगठन मोरङ्गमा संस्थाका संचालक समितिका अध्यक्ष डा. भेषु प्रसाद धमलाज्यूको अध्यक्षतामा सम्पन्न भएकोले उक्त साधारण सभाको काम कारबाही तथा निर्णय यसै पत्रसाथ संलग्न गरी तहाँको जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

**संलग्न**

१. १६औं वार्षिक साधारण सभाको निर्णय प्रतिलिपी
२. १६औं वार्षिक प्रतिवेदन (Book) १

**भवदीय,**

ऋषि प्रसाद न्यौपाने
कम्पनी सचिव

## नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड
## सोह्रौं वार्षिक साधारणसभाको कार्यक्रम विवरण तथा निर्णयहरु:

**१. वैधानिक सभा :**

नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/०९/२९ गते बसेको संचालक समितिको ३०२ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ तथा यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम संस्थाको सोह्रौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष प्रा. डा. श्री भेष प्रसाद धमलाज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल एवम निर्णय भई सम्पन्न भयो ।

मिति : २०७९/१०/२८ गते शनिवार (तदनुसार ११ फ्रेबुअरी २०२३)
समय : विहान ११:३० बजे प्रारम्भ भई दिउसो ३:०० बजे समापन ।
स्थान : उद्योग संगठन मोरङ , विराटनगर -३

**२. उपस्थिति :**

**क) संचालकहरुको उपस्थिति :**

| क.स. | विद्यमान संचालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | प्रा.डा.श्री भेष प्रसाद धमला | अध्यक्ष | संस्थापक समुह | ९०००१ |
| २ | श्री मणि कुमार अर्ज्याल | संचालक | संस्थापक समुह | १२०००१ |
| ३ | श्री सुरेन्द्रराज भट्टराई | संचालक | संस्थापक समुह | ९०००१ |
| ४ | श्री सुधिर कुमार श्रेष्ठ | संचालक | सर्वसाधारण समुह | ५२९ |
| ५ | श्री सुलक्षणा तिमिल्सिना | संचालक | सर्वसाधारण समुह | १९० |
| ६ | श्री बलराम बराल | संचालक | सर्वसाधारण समुह | ३३३ |
| ७ | प्रा.डा. श्री बलराम पौडेल | संचालक | स्वतन्त्र संचालक | - |

**ख) अन्य पदाधिकारीहरुको उपस्थिति :**

| क.स. | विद्यमान संचालकहरुको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री भोजराज बस्याल | प्रमुख कार्यकारी अधिकृत | नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड |
| २ | श्री भागनारायण साहु | नायब महाप्रबन्धक | नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ३ | श्री ऋषि प्रसाद न्यौपाने | सहायक महाप्रबन्धक | नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ४ | श्री दिनेश कटुवाल | सहायक महाप्रबन्धक | नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड |

अध्यक्ष

ग) शेयरधनीहरुको उपस्थिति :

यस वित्तीय संस्थाको संस्थापक शेयरधनीको संख्या : ७१ (एकहत्तर) र सर्वसाधारण शेयरधनीको संख्या ९५८६। (नौ हजार पाँच सय छियासी ) रहेकोमा साधारणसभामा देहाय बमोजिम शेयरको प्रतिनिधित्व तथा उपस्थिति रह्यो ।

| बिक्री भएको कूल शेयर कित्ता | शेयर संख्या (संस्थापक समुह) | शेयर संख्या (सर्वसाधारण समुह) | संस्थापक तर्फ उपस्थित शेयरधनी संख्या | सर्वसाधारण तर्फ उपस्थित शेयरधनी संख्या | कूल उपस्थित शेयरधनी संख्या |
|---|---|---|---|---|---|
| ६०,००,००० | ३०,६०,००० | २९,४०,००० | २१ | ५९ | ८० |

३. **सभामा प्रस्तुत छलफलका बिषयहरु :**

शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीले प्रकाशित गरेको सूचना र कम्पनीले शेयरधनी महानुभावहरुलाई वितरण गरेको बार्षिक प्रतिवेदनमा उल्लेख भए बमोजिम यस बार्षिक साधारण सभामा छलफलका बिषयहरु देहाय बमोजिम रहेका थिए ।

**(क) साधारण प्रस्तावहरु :-**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन प्रस्तुत, छलफल गरि पारीत गर्ने ।

(२) आ.व.२०७८/७९ को लेखापरीक्षण प्रतिवेदन सहित आ.व.२०७८/७९ को नाफानोक्सान हिसाब, नगदप्रवाह विवरण एवम् २०७९ आषाढ मसान्तको वासलात समेतको वित्तीय विवरणहरु उपर छलफल गरि पारीत गर्ने ।

(३) आ.ब. २०७९/८० को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री मुरलीधर तिवारी (M Tiwari & Associates, Chartered Accountants) बाट लगातर तीन आर्थिक बर्षको लेखापरिक्षण भएकोले निज पूनः नियुक्तीको लागी ग्राह्य नरहनुभएको) ।

(४) संचालक समितिबाट सिफारिस भए बमोजिम चुक्ता पुँजी रु. ६० करोडको १.१५७९ प्रतिशतले हुने प्रस्तावित वोनश शेयरको कर प्रयोजनको लागि मात्र रु. ६,९४७,३६८।४२ (उनान्सत्तरी लाख सड्चालिस हजार तीन सय अड्सट्ठी पैसा बयालिस मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव माथी छलफल गरि पारित गर्ने ।

(५) सर्वसाधारण शेयरधनीको तर्फबाट १ जना संचालकको निर्वाचन गर्ने ।

(६) विविध

**(ख) विशेष प्रस्तावहरु :**

(१) वित्तीय संस्थाको जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने ।

(२) वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीको केहि दफाहरु संशोधन गर्ने ।

(३) संचालक समितिबाट सिफारिस भए बमोजिम २०७९ आषाढ मसान्तमा कायम चुक्ता पूँजी रु. ६००,०००,०००। (अक्षरेपी साठी करोड मात्र) को २२ प्रतिशतले हुने रकम रु.१३२,०००,०००। (तेह्र करोड बिस लाख मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव माथी छलफल गरि पारीत गर्ने ।

अध्यक्ष

(४) यस वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त कुनैएक वा एकभन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु एकापसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव माथी छलफल गरि पारीत गर्ने ।

(५) यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन भएमा निर्देशन भए बमोजिम थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागी संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव माथी छलफल गरि पारीत गर्ने ।

(६) विविध

**४. सभाको सभापतित्व तथा उद्घाटन :**

यस बार्षिक सभाधारण सभा संचालनका लागि वैधानिक अवस्था पुरा भएकोले कम्पनी ऐन, २०६३ को दफा ७४(१) र कम्पनीको नियमावलीमा भएको ब्यवस्था अनुसार कम्पनीको संचालक समितिका अध्यक्ष प्रा. डा. श्री भेष प्रसाद धमलाज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो र त्यसै अनुरुप उहाँले सभाको सभापतित्व गर्दै आशन ग्रहण गर्नुभयो । यसै क्रममा बिद्यमान सबै संचालकहरुले क्रमैसंग आशन ग्रहण गर्नुभयो । तत्पश्चात सभापति महोदयले पानशमा बत्ति बाली सभाको विधिवत उद्घाटन गरी सभाको कार्यक्रम अधि बढाउने जानकारी गराउनु भयो ।

**५. स्वागत मन्तब्य :**

सभापतिज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री भोजराज बस्यालले सभामा उपस्थित संचालक समितिका सदस्य, शेयरधनी महानुभावहरु, कर्मचारी एवम अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

**६. सभाको बैधानिकता :**

**(क) सभाको बारेमा सार्वजनिक सुचना :**

कम्पनी ऐन २०६३ को दफा ६७(२) र संस्थाको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, समय, स्थान र साधारण सभामा छलफल गरिने प्रस्तावहरुको बारेमा शेयरधनीहरुको जानकारीको लागि प्रथम पटक मिति २०७९ माघ २ गते "आर्थिक कारोवार" राष्ट्रिय दैनिक पत्रिकामा र दोश्रो पटक मिति २०७९ माघ १२ गते "अभियान" राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको र मिति २०७९/१०/१६ गते सम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरुलाई आ.ब. २०७८/७९ को बार्षिक प्रतिवेदनका साथ सभाको सूचना, प्रोक्सी फारम संस्थाको वेभसाइटमा सार्वजनिक गरिएको ब्यहोरा कम्पनी सचिब श्री ऋषि प्रसाद न्यौपानेबाट जानकारी भयो ।

**(ख) गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि (प्रोक्सी) मार्फत भएको उपस्थिति एवम उपस्थित शेयरधनीहरुले ग्रहण गरेको शेयर संख्या देहाय बमोजिम रहेको ब्यहोरा कम्पनी सचिब श्री ऋषि प्रसाद न्यौपानेले शेयरधनी महानुभावहरुलाई जानकारी गराउनु भयो । उपस्थित शेयरधनी महानुभावहरुले उक्त ब्यहोराको जानकारी लिदै सभा कानून बमोजिम बोलाइएको हुँदा उपस्थित सम्पूर्ण शेयरधनीहरुको सहमतिमा यो साधारणसभा शुरु भएको थियो ।

कम्पनी सचिव

अध्यक्ष

| बिक्री भएको कूल शेयर कित्ता | शेयर संख्या (संस्थापक समुह) | शेयर संख्या (सर्वसाधारण समुह) | संस्थापक तर्फबाट उपस्थित शेयर संख्या | सर्वसाधारण तर्फबाट उपस्थित शेयर संख्या | कूल उपस्थित शेयर संख्या | उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६०,००,००० | ३०,६०,००० | २९,४०,००० | २६३१८५६ | ६३६६२७ | ३२६८४८३ | ५४.४७ |

**७. सोह्रौं बार्षिक प्रतिवेदन प्रस्तुत :**

सभाको कामकारवाही शुरु गर्ने क्रममा संचालक समितिका तर्फबाट अध्यक्ष प्रा.डा. श्री भेष प्रसाद धमलाज्यूले शेयरधनी महानुभावहरुलाई सम्बोधन तथा स्वागत गर्दै संचालक समितिको बार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । आर्थिक बर्ष २०७८/७९ मा संस्थाले गरेको प्रगती तथा आर्थिक बर्ष २०७९/८० को भावी योजना तथा अन्य कार्यक्रमहरु बारेमा विवरणहरु प्रस्तुत गर्नुभयो । त्यस पछि लेपापरिक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७८/७९ को नाफानोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सभा समक्ष छलफल तथा निर्णयको रुपमा पारीत गर्न प्रस्तुत गर्नुभयो । अन्त्यमा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुहुर्दै शेयरधनीहरुको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए ब्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

**८. साधारण सभामा उठेका जिज्ञासा तथा प्रत्युत्तर :**

(क) सर्वसधारण शेयरधनी श्री गुरुप्रसाद लामिछानेले आ.ब. २०७८/७९ मा यस सभा समक्ष प्रस्ताव गरिएको भन्दा बढीनै वोनश पाउने आशा रहेको थियो भन्ने जिज्ञासा राख्दै साधारण सभामा शेयरधनीहरुको हाजीरी गराउन डिम्याट नं. हेर्न कम्प्युटरको ब्यबस्था गरे सजिलो हुने, बार्षिक प्रतिवेदन साधारण सभाहुनुभन्दा केहि दिन अगाडी नै उपलब्ध गराउदा राम्रोहुने राय ब्यक्त गर्नुभयो ।

शेयरधनीका प्रतिनिधिले राख्नु भएको जिज्ञासा र सुझावका सम्बन्धमा संचालक समितिका अध्यक्षको तर्फबाट प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिमको जवाफ दिनु भयो ।

(क) गत आ.ब. मा तरलता संकट, लघुवित्त क्षेत्रको Interest Spread कम भएको कारण शेयरधनी महानुभावहरुले अपेक्षा गरे अनुसार वोनश वितरण गर्न नसकेको बताउनु भयो ।

त्यसैगरि आगामी साधारणसभामा संभव भए सम्म टेक्नोलोजीको प्रयोग गरिने र बार्षिक प्रतिवेदन (बुक) सकेसम्म अगाडी नै शेयरधनी महानुभावहरुलाई उपलब्ध गराउने जानकारी दिनु भयो ।

शेयरधनीका प्रतिनिधिले राख्नु भएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्षज्यूको तर्फबाट प्रमुख कार्यकारी अधिकृतज्यूले जवाफ दिनुभएपछि छलफलको क्रम समाप्त भएको कम्पनी सचिबले सभामा जानकारी गराउनु भयो ।

**९. सभाको निर्णयहरु :**

आजको सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमुल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्वसूचित प्रस्तावहरुलाई क्रमशः पारीत गरिदिन अध्यक्षज्युको अनुमतिले कम्पनी सचिबले अनुरोध गर्नुभयो । प्रस्तुत सबै प्रस्तावहरु उपर सभाका शेयरधनीहरुको सर्वसम्मतीबाट देहाय बमोजिम निर्णय भयो ।

कम्पनी सचिव

अध्यक्ष

## साधारण प्रस्ताव नं. १ सम्बन्धी निर्णय

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत यस वित्तीय संस्थाको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारीत गरियो । (अनुसूची-१)

## साधारण प्रस्ताव नं. २ सम्बन्धी निर्णय

(२) यस वित्तीय संस्थाको आ.व.२०७८/७९ को लेखापरीक्षण प्रतिवेदन नाफानोक्सान हिसाब, नगदप्रवाह एवम् २०७९ आषाढ मसान्तको वासलात समेतको वित्तीय विवरण सर्वसम्मतिबाट पारीत गरियो । (अनुसूची-३)

## साधारण प्रस्ताव नं. ३ सम्बन्धी निर्णय

यस वित्तीय संस्थाको आ.व.२०७९/८० को कारोबारको लेखापरिक्षणका लागी लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारीश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समिति तथा संचालक समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०७९/८० को कारोबारको लेखापरिक्षण गर्न सि.ए. श्री अनुप कुमार श्रेष्ठ (B.R.S. Neupane & Co.) काठमाण्डौलाई नियुक्त गर्ने र सो आर्थिक बर्षको स्ट्याच्युटरी अडिट, लंगफर्म र ट्याक्स अडिट गरि सबै किसिमको लेखापरीक्षण वापत सम्पूर्ण खर्च (लेखापरीक्षण सम्बन्धि यातायात, खाना र बास खर्च) गरि कर बाहेक एकमुष्ट रु.४,९५,०००। (अक्षरेपी चार लाख पन्चानब्बे हजार मात्र) पारीश्रमिक भुक्तानी गर्ने गरि निजको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

## साधारण प्रस्ताव नं. ४ सम्बन्धी निर्णय

संचालक समितिबाट सिफारिस भए बमोजिम चुक्ता पुँजी रु. ६० करोडको १.१५७९ प्रतिशतले हुने प्रस्तावित वोनश शेयरको कर प्रयोजनको लागि मात्र रु. ६,९४७,३६८।४२ (उनान्सत्तरी लाख सड्चालिस हजार तीन सय अड्सट्ठी पैसा बयालिस मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

## साधारण प्रस्ताव नं. ५ सम्बन्धी निर्णय

सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना संचालकमा निर्वाचन समितिले तोकिएको प्रकृया पुरा गरी निर्वाचित भएको सिफारिस गरे बमोजिम निम्न शेयरधनीलाई चार बर्षका लागी सर्वसाधारण समुहबाट यस वित्तीय संस्थाको संचालकमा नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

तपशिल :

विराटनगर महानगरपालीका वडा नं. ९ बस्ने श्री सुलक्षणा तिमिल्सिना ।

## साधारण प्रस्ताव नं. ६ सम्बन्धी निर्णय

विविध केहि नभएको ।

अध्यक्ष

## विशेष प्रस्ताव नं. १ सम्बन्धी निर्णय

(१) वित्तीय संस्थाको जारी पुंजी र चुक्ता पुंजी बृद्धि गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

## बिशेष प्रस्ताव नं. २ सम्बन्धि निर्णय :

(२) वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

### प्रबन्धपत्रमा संशोधन

| दफा | साविकको व्यवस्था | संशोधित ब्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ५(ख) | वित्तीय संस्थाको जारी पूँजी **रु.६००,०००,०००।- (अक्षरेपी साठी करोड मात्र)** हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका **६,०००,०००** **(साठी लाख)** थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पूँजी **रु.७३२,०००,०००।- (अक्षरेपी त्रिहत्तर करोड बिस लाख मात्र)** हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका **७,३२०,००० ( त्रिहत्तर लाख बिस हजार)** थान साधारण शेयरमा विभाजन गरिएको छ । | वोनश शेयर जारी पश्चात जारी पूँजी बृद्धि हुने भएकोले । |
| ५(ग) | वित्तीय संस्थाको चुक्ता पूँजी रु.६०,००,००,०००।- (अक्षरेपी साठी करोड मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पूँजी रु.७३२,०००,०००।- (अक्षरेपी त्रिहत्तर करोड बिस लाख मात्र) हुनेछ । | वोनश शेयर जारी पश्चात चुक्ता पूँजी बृद्धि हुने भएकोले । |

### नियमावलीमा संशोधन

| नियम | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ८(१) | (१) लघुवित्त वित्तीय संस्थाको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधिनमा रही वार्षिक साधारण सभाबाट हुनेछ ।<br>तर **व्यवसायिक विशेषज्ञ** सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ । | (१) लघुवित्त वित्तीय संस्थाको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधिनमा रही वार्षिक साधारण सभाबाट हुनेछ ।<br>तर **स्वतन्त्र सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।** | कम्पनी ऐनमा भएको ब्यबस्था तथा नेपाल राष्ट्र बैंकबाट जारी संचालक नियुक्ति निर्देशिका,२०७४ बमोजिम बनाउनु पर्ने भएकोले । |
| ११(१) | लघुवित्त वित्तीय संस्थाको सञ्चालकहरुको नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधिनमा रही साधारण सभाबाट हुनेछ र **व्यवसायिक विशेषज्ञ** सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।<br>तर, कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले आफुले लिएको शेयरको अनुपातमा हुन आउने सञ्चालक नियुक्त गर्न र निजको अनुपस्थितीमा काम गर्नसक्ने गरी वैकल्पिक सञ्चालक समेत नियुक्त गर्न सक्नेछ । | लघुवित्त वित्तीय संस्थाको सञ्चालकहरुको नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधिनमा रही साधारण सभाबाट हुनेछ र **स्वतन्त्र सञ्चालकको** नियुक्ति सञ्चालक समितिले गर्नेछ ।<br>तर, कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले आफुले लिएको शेयरको अनुपातमा हुन आउने सञ्चालक नियुक्त गर्न र निजको अनुपस्थितीमा काम गर्नसक्ने गरी वैकल्पिक सञ्चालक समेत नियुक्त गर्न सक्नेछ । | |

अध्यक्ष

| | | | |
|---|---|---|---|
| १३(२) | यस लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ ।<br>**तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञ सञ्चालक** तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थामा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन । | यस लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ ।<br>**स्वतन्त्र सञ्चालक** तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थामा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन । | |

## विशेष प्रस्ताव नं. (३) सम्बन्धि निर्णय

संचालक समितिबाट सिफारिस भए बमोजिम २०७९ आषाढ मसान्तमा कायम चुक्ता पूँजी रु. ६००,०००,०००। (अक्षरेपी साठी करोड मात्र) को २२ प्रतिशतले हुने रकम रु.१३२,०००,०००। (तेह्र करोड बिस लाख मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

## विशेष प्रस्ताव नं. (४) सम्बन्धि निर्णय

यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorandom of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तीक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायीत्वको मूल्यांकन प्रतिवेदन (Due diligence Audit Report) तयार गर्न परामर्श दाता, मूल्यांकन कर्ता तथा लेखापरीक्षकहरु नियुक्ति गर्ने तथा गाभ्ने/गाभिने एवं प्राप्तीसंग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु अनुरुप अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरि अन्तिम स्वीकृति लिने, अन्तिम स्वीकृति पश्चात सो को कार्यान्वयन गर्ने, तथा सो सम्बन्धमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

## विशेष प्रस्ताव नं. (५) सम्बन्धि निर्णय

यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट सामान्य फेरबदल गर्न निर्देशन भएमा प्राप्त निर्देशन बमोजिम थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको ब्यक्तिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

**१०. सम्मान पत्र /प्रमाणपत्र वितरण :**

प्रमुख निर्वाचन अधिकृतबाट यस संस्थाको सर्वसाधारण शेयरधनी समुहबाट संचालक पदमा निर्वाचित विराटनगर म.न.पा. वार्ड नं. ९ का श्री सुलक्षणा तिमिल्सिनालाई बधाईकासाथ प्रमाणपत्र वितरण गर्नुभयो । त्यसैगरि यस सभाका सभाध्यक्ष तथा संचालक समितिका सदस्यहरुबाट सर्वसाधारण शेयरधनी समुहबाट संचालक पदमा निर्वाचित संचालक विराटनगर म.न.पा. वार्ड नं. ९ का श्री सुलक्षणा तिमिल्सिनालाई अबिर तथा फुलमाला पहिर्‍याई स्वागत गर्नुभयो ।

त्यसै गरि यस संस्थाका तत्कालिन स्वतन्त्र संचालक श्री वेदराज आचार्यले ४ बर्ष यस संस्थाको संचालकमा रही संस्थाको हित एवम प्रगतीमा पु-याउनु भएको योगदानको उच्च मुल्यांकन गर्दै संचालक समितिको तर्फबाट सम्मानपत्र प्रदान गरियो ।

कम्पनी सचिव

अध्यक्ष

त्यसैगरि यस वित्तीय संस्थाका शाखा उपशाखाहरु मध्ये आ.व. २०७८/७९ को लक्ष्य अनुसार प्रगती तर्फ चार वटा शिर्षकमा उत्कृष्ट उपलब्धि हासिल गर्ने देहायका कार्यालयहरुलाई अध्यक्षज्यूले नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

| | |
|---|---|
| १. ऋण लगानी बृद्धि तर्फ : | शाखा कार्यालय चिमडी, सुनसरी |
| २. बचत बृद्धि तर्फ : | शाखा कार्यालय बाहुनी, मोरङ्ग |
| ३. ऋणि संख्या बृद्धि तर्फ : | उपशाखा कार्यालय खुरहुरीया, सप्तरी |
| ४. सबै भन्दा बढी नाफा गर्ने तर्फ : | शाखा कार्यालय तेतरिया, मोरङ्ग |

**११) मन्तब्य :**

सभामा देहाय बमोजिम संचालक तथा शेयरधनीहरुले मन्तब्य राख्नु भयो ।

(क) संचालक श्री मणिकुमार अर्ज्यालज्युबाट
(ख) संचालक प्रा.डा. श्री बलराम पौडेलज्युबाट
(ग) नव निर्वाचित संचालक श्री सुलक्षणा तिमिल्सिनाज्यूबाट
(घ) शेयरधनी श्री सिटजन्स बैंक इन्टरनेशनलका प्रतिनिधि श्री भवानशिंकर चापागाईज्युबाट

**१२) धन्यवाद ज्ञापन :**

कम्पनी सचिब श्री ऋषि प्रसाद न्यौपानेले आजको यस सोह्रौं बार्षिक साधारण सभामा समावेश भएका बिषयसूची अन्तर्गतका सम्पुर्ण विषयहरु समाप्त भएको ब्यहोरा जानकारी गराउनुहुदै आजको साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवम् कार्यक्रमका सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

संचालक श्री सुरेन्द्रराज भट्टराईले सभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उहाँहरुको अमुल्य सुझाव तथा सल्लाहको लागि धन्यवाद दिनुभयो । त्यसैगरि आजको यस सोह्रौं बार्षिक साधारणसभा शान्ति एवम सौहार्दपूर्ण वातावरणमा सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरिक्षक, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, पत्रकार महानुभावहरु र संस्थाका सम्पुर्ण संचालक तथा कर्मचारीहरु लगायत यो सभाहल उपलब्ध गराई सहयोग गर्ने उद्योग संगठन मोरङ्गलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै अध्यक्षको आदेशानुसार आजको सोह्रौं बार्षिक साधारणसभा समाप्त भएको घोषणा गर्नु भयो ।

ऋषि प्रसाद न्यौपाने
कम्पनी सचिब
कम्पनी सचिव

प्रा.डा. श्री भेष प्रसाद धमला
अध्यक्ष

**अध्यक्ष**

सभा सम्पन्न मिति २०७९ माघ २८ गते शनिवार, तदनुसार ११ फ्रेबुअरी २०२३)

अध्यक्ष